# बूढानीलकण्ठ नगरपालिका

**बूढानीलकण्ठ नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित**

# स्थानीय राजपत्र

**खण्डः- ३ संख्याः- ११ मितिः- २०७८/ ०६/७**


## भाग-२

# प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

### प्रस्तावना

कृषिको व्यावसायिकरणसँगै कृषि उपजको माग समेत बृद्धि भैरहेको छ । बढ्दो मागलाई सम्बोधन गर्न कृषिमा अत्याधिक मात्रामा रासायनिक मल तथा विषादिको प्रयोग भैरहेको हुनाले यसबाट माटो तथा मानव स्वास्थ्यका साथै वातावरणमा समेत प्रतिकूल प्रभाव परिरहेको छ । यसै सन्दर्भमा माटोको दीगो व्यवस्थापनको लागि रासायनिक मलको विकल्पको रुपमा बूढानीलकण्ठ नगरपालिकाको आ.व. २०७७/७८ को स्वीकृत प्राङ्गारिक मल (धुलो, भर्मी, दानेदार) मा अनुदान कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित गर्न बूढानीलकण्ठ नगरपालिकाको मिति २०७७।०६।०५ को नगर कार्यपालिकाको

बैठकले यस प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

(२) यो कार्यविधि बूढानिलकण्ठ नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

### २. परिभाषा (१) विषय र प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा

(क) “मल” भन्नाले प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि,२०६८ (संशोधन सहित) बमोजिम दर्ता भएको प्राङ्गारिक मल सम्झनुपर्छ ।

(ख) “समिति” भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठित समितिलाइ सम्झनुपर्छ ।

(ग) “नगरपालिका” भन्नाले बूढानीकलण्ठ नगरपालिका सम्झनुपर्छ ।

(घ) “कृषि बिकास शाखा” भन्नाले बूढानीकलण्ठ नगरपालिका कृषि बिकास शाखा सम्झनुपर्छ ।

**३. उद्देश्य यस कार्यविधिका देहाय बमोजिमका उद्देश्यहरु रहने छन् ।**

(१) प्राङ्गारिक मलको प्रयोग अभिबृद्धि गरी माटोको गुणस्तर सुधार मार्फत दीगो उत्पादन प्रणालीको विकास गर्नु ।

## परिच्छेद -२

## अनुदान वितरण व्यवस्थापन सम्बन्धी

**४. अनुदान वितरण व्यवस्थापन समितिः**

(१) यस कार्यविधि अनुसार प्राङ्गारिक मलमा अनुदान सम्बन्धमा आवश्यक व्यवस्थापनको लागि देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| श्री अधिकृत छैटौ, कृषि बिकास शाखा बू. न. पा. | संयोजक |
| श्री अधिकृत छैटौ प्रशासन शाखा, बू. न. पा. | सदस्य |
| श्री अधिकृत छैटौ लेखा शाखा, बू. न. पा. | सदस्य |
| श्री अधिकृत छैटौ योजना शाखा, बू .न .पा. | सदस्य |
| श्री कृषि प्राविधिक चौथो/पाँचौ कृषि बिकास शाखा, बू. न. पा. | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) समितको बैठकमा आवश्यकता अनुसारको चार जना सल्हाकार श्री प्रमुख प्रशासकिकय अधिकृत/लेखा अधिकृत/योजना अधिकृत/प्रशासन प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ ।

५. समितिको काम, कर्तव्य र अधिकार (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कम्पनिलाई उपलब्ध गराइने अनुदान रकमको हिसाब फर्छोट तथा फरफारक गर्ने गराउने ।

(ग) मापदण्ड बमोजिमको प्राङ्गारीक मल उपलव्ध भए/नभएको एकिन गरी न्युन गुणस्तरको मल उत्पादन र वितरण गर्ने, कम्पनीलाइ कानुन अनुसार कारबाहीका लागि सम्बन्धित निकायलाई निर्देशन दिने ।

(घ) माग र आवश्यकताको बिश्लेषण गरी अनुदानित प्राङ्गारीक मल वितरण गर्ने क्षेत्र निर्धारण गर्ने ।

-ङ) अनुदान वितरण सम्बन्धि आवश्यक काम गर्ने गराउने ।

## परिच्छेद -३

## कार्यक्रम संचालन प्रक्रिया

### ६ प्राङ्गारिक मल सुचिकृत हुनुपर्ने

(१) प्राङ्गारिक मल उत्पादक उधोगले यस कार्यक्रममा सहभागि हुन सुचिकृत हुनु पर्नेछ ।

(३) प्राङ्गारिक मल उत्पादक कम्पनीहरुले आफ्नो मलको ब्राण्ड प्रति केजी मूल्य र शाखा कार्यालय उपलब्ध गराउन सक्ने परिमाण लगायतका विषय खुलाइ अनुसुचि २ अनुसारको विवरण र आवस्यक कागजात संलग्न राखि अनुसुचि १ अनुसार दिएको निवेदनका आधारमा बूढानीलकण्ठ नगरपालिकामा सुचिकृत गर्ने ।

(५) मलको मापदण्ड प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि २०६८ (संशोधन सहित) बमोजिमको हुनेछ र सो बमोजिम न्युनतम् मापदण्ड पूरा नगरेको मल सूचिकृत हुने छैन ।

**७. मलको मूल्य निर्धारण**

(१) उत्पादक कम्पनीहरुले आफ्नो मलको मूल्य र मूल्य तोक्ने आधारहरु समेत मल सुचिकृत गर्दाका बखत पेश गर्नु पर्नेछ ।

(२) प्राङ्गारिक मलमा भएको (पोषकतत्वको परिमाण र प्रकारको आधारमा) मलहरुको मूल्य उधोग अनुसार फरक फरक हुन सक्नेछ । यदि पोषक तत्वपरिमाणको भिन्नता १० प्रतिशत वा सो भन्दा कम भएमा त्यस्ता मललाइ एउटै गुणस्तर भएको मानी सो मध्ये कम मूल्यलाइ विक्री मूल्य कायम गरिनेछ ।

**८. अनुदानमा मल खरिद गरिने आधार** (१) यस कार्यविधि बमोजिम प्रदान गरिने अनुदानको प्रयोजनको लागि देहाय बमोजिमको मापदण्ड हुनुपर्नेछ ।

(क) नेपालमा उत्पादित प्राङ्गारिक मललाई मात्र अनुदान कार्यक्रममा सूचिकृत गरिनेछ ।

(ख) प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि, २०६८ (संशोधन सहित) बमोजिम दर्ता भई तोकिएको निकायमा सूचिकृत भएको ।

(ग) मलको प्याकेजमा व्यापारिक नाम उल्लेख भएको ।

(घ) मलको उत्पादन र खपत गरिसक्नुपर्ने मिति, ब्याच नं. र तौल प्रष्ट रुपमा देखिने गरी सुरक्षित रुपमा प्याकेजिङ्ग गरेको ।

(ङ) प्राङ्गारिक मल अनुदान निर्देशिका, २०६८ अनुसार न्युनतम मापदण्ड र गुणस्तर पुरा भएको ।

(च) मलमा पाईने पोषक तत्वको मात्रा प्रत्येक प्याकिङ्गमा उल्लेख गरेको ।

(छ) समितिले तोके बमोजिम अन्य आधार पुरा गरेको ।

**९. प्राङ्गारिक मल विक्री वितरण तथा अनुदान प्रवाह आधारहरुः**

(१) कृषक/कृषक समुह/सहकारी /कृषि फार्महरुको मागलाई हेरी कृषि बिकास शाखाले अनुदानित मूल्यमा मल उपलब्ध गराउनेछ ।

(२) अनुदानित मल प्रति रोपनी १०० केजीका दरले प्रति कृषक बढिमा ५०० केजी सम्म उपलब्ध गराइनेछ । कृषक समुह/सहकारी/कृषि फर्महरु अनुदानित मल खरिद गर्ने कृषकको विवरण कृषि बिकास शाखाले रेकड राख्नु पर्ने छ ।

(५) कृषि फर्म र कृषक समूहमा आवद्ध नभएका कृषक हरुलाई बढीमा १०० के जी सम्म मल उपलव्ध गराईने छ ।

(३) उत्पादक / विक्रेताले तोकिएको स्थानमा अनिवार्य रुपमा तोकिएको प्रकार तथा मापदण्ड अनुरुप प्राङ्गारिक मल तोकिएको समयमा उपलब्ध गराउने प्रतिबद्धता पत्र समेत संलग्न गर्नुपर्नेछ ।

(४) प्राङ्गारिक मलको परिमाण र गुणस्तर विश्वसनीय बनाउने प्रयोजनका लागि प्रत्येक लटको उत्पादनस्थल र गन्तव्य स्थलमा उत्पादक/ विक्रेताले सामाग्री पु¥याएपछि सरकारी वा मन्त्रालयबाट मान्यता प्राप्त माटो तथा मल परिक्षण प्रयोगशालामा परीक्षण गराउन सक्नेछ र परिक्षण प्रतिवेदन कार्यविधि अनुरुप नभएमा बूढानीलकण्ठ नगरपालिकाले विक्री वितरणमा रोक लगाउनेछ ।

## परिच्छेद -४

## गुणस्तर नियन्त्रण

### १०. मलको गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्था

(१) न्यून गुणस्तरको प्राङ्गारिक मल विक्री वितरण गर्न पाउने छैन । साथै यस्ता उत्पादक तथा विक्रेताको सूचिकरण तथा दर्ता खारेजीको लागि मन्त्रालयमा सिफारिस गर्नेछ ।

## परिच्छेद -५

## अनुगमन निरीक्षण

### ११. अनुगमन निरीक्षण सम्बन्धी व्यवस्था

(१) प्राङ्गारिक मलको गुणस्तर र परिमाण सम्बन्धमा मन्त्रालय, कृषि विभाग तथा केन्द्रीय निकायहरु, प्रदेश स्थित भूमि व्यवस्था, कृषि तथा सहकारी

मन्त्रालय, कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र र सम्बन्धित स्थानियतहबाट समेत अनुगमन तथा निरिक्षण गरिनेछ ।

## परिच्छेद -६
## विविध

### १२. गुनासो तथा उजुरी सुन्न सक्ने

(१) अनुदानित प्राङ्गारिक मलको बिक्री वितरणको सम्बन्धमा पर्न आएको उजुरी उपर समितिले आवश्यक छानविन गर्नसक्नेछ ।

### १३. कार्यविधिको व्याख्या

(१) अनुदान वितरण सम्बन्धमा यस कार्यविधिको व्यवस्था अपूर्ण तथा अस्पष्ट भएमा वा कार्यविधिको कार्यान्वयनमा व्यवधान भएमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

### १४. खारेजी र संशोधन

(१) नगरपालिकाले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन तथा खारेजी गर्न सक्नेछ ।

### १५. प्रचलित कानुन बमोजिम हुने

(१) यस कार्यविधिमा उल्लेख भएका विषयहरु सोही अनुसार हुने र उल्लेख नभएका विषयहरुको हकमा विधमान प्रचलित ऐन, कानुन, नियम बमोजिम हुनेछ ।

## अनुसूचि १

## (प्राङ्गारिक मल उत्पादकले अनुदानित मल विक्रिको लागि सूचिकृत हुन पाउँ भन्ने निवेदन फारमको नमूना)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
बूढानीलकण्ठ नगरपालिका ,
काठमाण्डौ ।

विषयः आ.व. २०७७/७८ को अनुदान कार्यक्रम अन्तर्गत प्राङ्गारिक मल विक्री गर्न सूचिकृत हुन पाउँ भन्ने बारे ।

प्रस्तुत विषयमा कृषि विकास शाखाको मिति .................... मा प्रकाशित सूचना अनुसार मेरो/हाम्रो उधोग श्री...... बाट उत्पादित...............ब्राण्डको प्राङ्गारिक मल अनुदानको कार्यक्रम अन्तर्गत वितरण गर्ने सूचिमा सूचिकृत गरिदिनु हुन तपशिल अनुसारको आवश्यक कागजात राखी यो निवेदन पेश गरेको छु ।

**तपशिलः**

१) मन्त्रालयमा मल दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी
२) मान्यता प्राप्त प्रयोगशालामा मल परिक्षण गरेको प्रतिवेदन
३) कम्पनि दर्ता प्रमाणपत्रको प्रतिलिपी
४) स्थायी लेखा नंबर दर्ता प्रमाणपत्रको प्रतिलिपी
५) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
६) मलको बोरा/प्याकेटको अगाडि र पछाडिको लेवलको प्रतिलिपी

निवेदक
हस्ताक्षर.................................
नामथर
पद
सम्पर्क नं.

मल उधोगको छाप

## अनुसूचि २

## प्राङ्गारिक मलको विवरण

प्राङ्गारिक मलको नामः

प्राङ्गारिक मल मन्त्रालयमा दर्ता भएको नं.

| क्र.सं. | मलमा उपलब्ध खाधतत्व | परिमाण |
|---|---|---|
| १ | ना.% न्यूनतम् | |
| २ | फो.% न्यूनतम् | |
| ३ | पो.% न्यूनतम् | |
| ४ | चिस्यान.% अधिकतम् | |
| ५ | पि.एच. | |
| ६ | CMN Ratio | |
| ७ | Organic Carbon % | |

## अनुसूचि ३

कृषक समूह/सहकारी/कृषि फर्महरुमा अनुदानमा प्राङ्गारिक मल पाउन बूढानीलकण्ठ नगरपालिका/कृषि विकास शाखामा पेश गर्ने निवेदनको नमूना

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
बूढानीलकण्ठ नगरपालिका,
काठमाण्डौ मितिः

**विषयः प्राङ्गारिक मलमा अनुदानका उपलब्ध गराई पाउँ ।**

प्रस्तुत विषयमा बूढानीलकण्ठ नगरपालिकाको कृषि विकास शाखाको मिति ..................... को सूचना अनुसार अनुदानमा प्राङ्गारिक मल वितरण गर्न लागेको हुँदा हाम्रो कृषक समूह/ सहकारी / कृषि फर्महरमा तपशिल अनुसारका प्राङ्गारिक मल यस नगरपालिकाको कृषि विकास शाखाबाट उपलब्ध गराइदिनुहुन आवस्यक कागजात राखि निवेदन दिएको छु ।

आवश्यक कागजात

समूह/सहकारी/कृषि फर्मको प्रमाणपत्र ।

सहकारी/समुह/कृषि फर्म लेखा नंबर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी

समूह/सहकारीकोहकमा सदस्य कृषकको संख्या

समूह/सहकारी भित्रको जग्गाको कूल क्षेत्रफल.... रोपनी/ हेक्टर

**तपशिल**

मलको ब्राण्ड.....................

परिमाण केजी...................

प्रति केजी मूल्य रु....................

अनुदान रकम खर्च रु...................

निवेदक
कृषक /कृषक समूह/ सहकारी/ कृषि फर्मको नाम
ठेगानाः
सम्पर्क नम्बरः

नोटः प्रति रोपनी बढिमा १०० केजी र प्रति कृषक बढिमा ५०० केजी मल मात्र अनुदानमा उपलब्ध गराउन सकिनेछ ।

आज्ञाले,
बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७७।६।५

# बूढानीलकण्ठ नगरपालिका

बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः- ३ संख्याः- ११ मितिः- २०७८/ ०६/७

## भाग-२

# प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

## बूढानीलकण्ठ नगरपालिका

## हात्तीगौँडा, काठमाण्डौ

## बागमती प्रदेश, नेपाल ।

प्रकाशक : बूढानीलकण्ठ नगरपालिका
हात्तिगौंडा, काठमाडौं
बागमती प्रदेश

फोन नं. : ०१-४३७२७२५

इमेल : budhanilkanthamun@gmail.com

वेवसाइट : www.budhanilkanthamun.gov.np

मूल्य : रू ५०|-